# सङ्गीत र नाट्यकर्मको अन्तर-सम्बन्ध

(गुरुकुलको आयोजनामा भएको कार्यक्रममा प्रस्तुत कार्यपत्र)

आभास

मानवीय भावनासँग अन्तर्निहित अनुभूतिमा जब प्रेमले प्रवेश गऱ्यो, त्यहीँबाटै अभिव्यक्तिका माध्यमहरूको खोज या प्रारम्भ भएको हुनुपर्छ । मानव-सभ्यताको विकासक्रममा धेरैखाले भौतिक उथलपुथल भइसकेका छन् । तर प्रेम अभिव्यक्तिको मनोगत रुप भने यद्यपि स्थिर रहेको अनुमान गरिन्छ । पराक्रम र सौन्दर्यलाई व्यक्त गर्ने माध्यम र शैली फेरिएका होलान् । तर मानवीय-प्रेमको मनोगत मञ्चन युगौंदेखि निरन्तर छ । 'प्रेम' नामको त्यो चरित्र (character) कलाका विभिन्न माध्यममा छरिएर रहेको छ । सङ्गीत र नाटक त्यही चरित्रलाई उजागर गर्ने माध्यम मध्येका साधन हुन् ।

**अनुकरण-चरित्र र सङ्गीत**

मानव-सभ्यताको विकासक्रमलाई गहिरिएर अध्ययन गऱ्यो भने मानव जत्तिको सफल अनुकरणकर्ता अरु कुनै प्राणी छैन । मान्छेले प्राकृतिक परिवेशमा रहेका श्रव्य वा दृश्यको अनुकरण गरेर नै कलाको पहिलो खुड्किलो उक्लेको मानिन्छ । सङ्गीतका सन्दर्भमा ईशापूर्व दोस्रो शताब्दीका विद्वान महर्षि मण्डुकले मयुरबाट षड्ज (सा), गाईबाट ऋषभ (रे), बोकोबाट गान्धार (ग), बकुल्लाबाट मध्यम (म), कोइलीबाट पञ्चम (प), घोडाबाट धैवत (ध) र हात्तीबाट निषाद (नि) स्वरहरूको उत्पत्ति भएको मान्यता अघि सारेका थिए । चार्ल्स डार्विन र आइनस्टाइनको मान्यता पनि त्यही अनुकरण-चरित्रमा आधारित छ । यी दुबै वैज्ञानिकले सङ्गीतको थालनी पशु-पक्षिको आवाज अनुकरणबाटै भएको मानेका छन् । यी विद्वानहरूको मान्यतालाई स्वीकार्दै अघि बढ्ने हो भने हाम्रो सामुमा रहेको वर्तमान सङ्गीतको स्वरुप त्यही सिर्जनशील अनुकरणको विकसित स्वरुप हो ।

पृथ्वीको प्रारम्भदेखि नै विद्यमान ध्वनि र प्राणीको उत्पत्तिपछिका अनेकौं ध्वनिहरूको परिस्कृत रुपलाई मानवीय चेतनाको समुन्नत विकासपछि 'नाद' भनेर व्याख्या गरिएको छ । मानव जीवनको लामो संघर्षबाट प्राप्त ज्ञानले अनेक घुम्ती पार गरिसकेपछि 'नाद'ले अझै परिमार्जित स्वरुप धारण गऱ्यो । 'नाद' को त्यही परिमार्जित रुप अब भिन्नभिन्न स्वर (Frequency) हुँदै सम्पूर्ण स्वरुपको सङ्गीतमा परिणत भयो र मानव अभिव्यक्तिको गहन माध्यम बन्यो ।

सुरुमा मान्छेले सङ्गीतलाई केबल आराधनाका निम्ति प्रयोग गऱ्यो । आराधना, प्राकृतिक प्रकोपबाट उत्पन्न कष्टकर अवस्था या भयङ्कर जङ्गली जनावरहरूको आक्रमणबाट उत्पन्न अवस्थाले सिर्जना गरेको एउटा विशिष्ठ मनोदशाको उपज पनि थियो होला । जसले चेतनायुक्त मानवलाई अन्तर-मनदेखि नै आनन्द अनुभूत गराउँदथ्यो । सच्चा आराधना व्यापारउन्मुख हुँदैन भनिन्छ । आराधनाको त्यो ऐतिहासिक अवस्था व्यापारिक अवधारणाबाट मुक्त अवस्था थियो । त्यतिबेला सङ्गीत मनोरञ्जनका निम्तिभन्दा आत्मरञ्जनका निम्ति मात्र प्रयोग हुन्थ्यो ।

समाजको विकासक्रम र जीवनशैलीको विकाससँगै सङ्गीतमा क्रमश: नयाँ र नौलो सोचको प्रवेश हुँदै गयो । अब सङ्गीत, लोक जीवनको अभिन्न अङ्गका रुपमा फैलियो । यसमा आत्मरञ्जनसँगै मनोरञ्जनले पनि ठाउँ पायो । लोक जगत् आफैंले साङ्गीतिक सिर्जना गऱ्यो र आफैं आनन्दित हुन थाल्यो । आफूले प्रभाव विस्तार गर्नुपर्ने ठाउँमा ( त्यो बैयत्तिक बल, बुद्धि वा प्रेम-अभिव्यक्तिका निम्ति पनि हुनसक्थ्यो अथवा सामुहिक वा सामाजिक पहिचानका निम्ति पनि ।) अन्य प्रस्तुति कलाले झैं यसको प्रभावले पनि महत्व पाउन थाल्यो । सङ्गीतको सम्प्रेषण क्षमता अति प्रभावशाली भएकाले अरु विधासँग पनि यसले तादात्म्य राख्ने मौका पायो । लोक-जीवनमा कलाकर्मले सार्वजनिक हुने माध्यमको खोज गर्दै थियो । त्यतिबेलै नाट्य परम्पराको प्रारम्भ

भयो र नाट्य रङ्गमञ्चसँगै सङ्गीतले पनि सार्वजनिक प्रस्तुतिको पहिलो अवसर प्राप्त गऱ्यो । प्रारम्भदेखि नै यसरी सङ्गीत र नाटकबीच रहेको सम्बन्ध यद्यपि अटुट रहिरहेकै छ ।

**अनुकरण-चित्रण र नाटक**

ग्रीक भाषामा नाटक (Drama) को अर्थ क्रिया (action) हुन्छ । प्रकृतिको विविधता भित्र क्रिया (action) का विभिन्न स्वतन्त्र अस्तित्व छन् । सूर्य उदाउनु, हावा वहनुजस्ता सुस्पस्ट देखिने वा अनुभूत गरिनेदेखि लिएर अणु परमाणु भित्र निहीत अन्तरद्वन्द पनि एकखाले क्रिया (action) नै हुन् । तर ती नाट्यकला होइनन् । प्राकृतिक क्रिया (action) मा प्राणीमध्येको सबैभन्दा चेतयुक्त मानवको उपस्थिति नभई नाटक याने (Drama) को अर्थ खुल्दैन । त्यसमा पनि नाटकका निम्ति त विशेषखाले अवस्थाको आवस्यकता पर्छ । मानवले व्यवस्थित ढंगले गर्ने सामान्य खानपान, हिँडडुल, बोलचाल, हाँसखेलले नाटकको अर्थ बोक्दैन र बोकेको पनि छैन । त्यसैले नाटक सामान्य क्रियाकलापजस्तो हुँदाहुँदै पनि पृथक् छ भन्ने कोणबाट यसको अर्थलाई निहार्ने हो भने सङ्गीतजस्तै नाटक पनि एकखाले अनुकरण-चरित्रबाटै उत्पन्न कला हो । नाटकका निम्ति चरित्र-चित्रण अनिवार्य छ । चरित्र-चित्रण नै एउटा विशिष्ठ क्रिया (action) पनि हो । यो क्रिया सजीव र निर्जीव दुबैमा उपिस्थित थियो र छ । सजीव र निर्जीव दुबैभित्र रहेको चरित्रलाई परख गर्न  जान्ने या सक्ने प्राणी मानव मात्र नै हो । पारखी मानवले त्यही चरित्रको चित्रण अथवा अनुकरणलाई सिर्जनात्मकताको खोल ओढाउन जान्नु नै सबैभन्दा ठूलो र सफल नाटक थियो र हो । अनुकरणका क्रममा बाहिरी हाउभाउमार्फत् चरित्र (character) भित्र प्रवेश गर्ने कर्मले नाट्यरुप लिएको हुनुपर्छ । यो क्रिया र स्वर निर्माणका क्रममा पशु-पक्षिको आवाजभित्र प्रवेश गर्नुपर्ने कर्ममा तात्वीक भिन्नता छैन । त्यसैले हुनुपर्छ, सङ्गीतलाई 'जीवन्तकला' (Living Art) भने झैं नाटकलाई 'स्वासप्रस्वासमा बाँचेको रङ्गमञ्चीय कला' भनिएको छ ।

अझ पूर्वीय शास्त्रीय मान्यतामा सङ्गीतलाई गीत, वाद्य र नृत्यको त्रिवेणी मानिनु- (गीतम् वाद्यम् च नृत्यं त्रयं संगीतमुच्यते-*सङ्गीत रत्नाकर* ) र सङ्गीतको मूलआत्मा शून्यता अथवा मौनतामाथिको प्रहार (यो पनि एकप्रकारको क्रिया (action) नै हो ।) भन्ने मान्यता स्थापित हुनुले नाटक र सङ्गीतको सम्बन्धलाई ऐना झैं छर्लङ्ग बनाएको छ ।

**नेपाली सङ्गीतको विगत**

हाम्रो ऐतिहासिक पृष्ठभूमिको सम्झना गर्दा धेरै विद्धानले एउटैखाले अभिव्यक्ति दिएको पाइन्छ- 'किराँतकालको फलानो शासकदेखि लिएर लिच्छवी, मल्ल, शाह हुँदै आजसम्म आइपुग्दा विभिन्न शासकहरूले सङ्गीत लगायतका अन्य कलाको सम्बर्धनका निम्ति ठूलो योगदान पुऱ्याएका थिए ।' भन्ने भावको । यस्तो विचारलाई सम्पूर्ण असत्य त मान्न सकिन्न । तर सत्ताले मात्र निकट राखेकै कारणले गर्दा नै हाम्रा कलाविधाहरू आत्म निर्भर हुँदै अघि बढ्न नसकेका हुन् । र यही कारणले हामीले अहिलेसम्म पनि स्वःपहिचान दिने नेपाली मौलिकतालाई विश्वसामु स्थापित गर्न नसकेका हौं । कलालाई आत्मनिर्भर बनाउने एउटै आधार जनमानस हुनुपर्ने हो । त्यसतर्फ नेपालमा कुनै पनि सत्ता या शासकको पालामा यत्न भएको देखिन्न । यदि त्यस्तो प्रयत्न भएको हुँदो हो त हाम्रो कलाजगत अहिले भएभन्दा निकै उच्च स्वरुपको र विश्वमै उदाहरण दिइनेहरू मध्येकै कलामा परिसकेको हुने थियो ।

जातीय विविधतासितै नेपालमा रहेका परम्परागत चालचलनभित्र सङ्गीतको उपस्थिति अत्यन्त प्रभावशाली देखिन्छ । अनगिन्ती जातजातिका आफ्नै मौलिक सङ्गीत परम्परा छन् । ती मध्ये पनि नेवारी-सभ्यताभित्र जत्तिको साङ्गीतिक विविधता अन्यमा पाइदैन । नेवारी-सभ्यताले आफ्नो साङ्गीतिक मौलिकतालाई जनस्तरमा जोड्ने प्रयत्न गरेको पनि पाइन्छ । परम्परागत  कर्मकाण्ड र जात्रामात्रामार्फत् नेवारी-सभ्यताभित्रको सङ्गीत सार्वजनिक हुँदै आएको पनि छ । यति हुँदाहुँदै पनि विभिन्न जातजातीमा रहेको

संकिर्ण स्वभावले हो अथवा सत्ताको दवावले हो, यद्यपि नेपाली राष्ट्रिय-सँस्कृतिको निर्माण भइसकेको छैन । नेपालमा रहेका जातजातिका आ-आफ्ना साङ्गीतिक विशेषता र नेवारी-सभ्यताभित्र रहेको साङ्गीतिक सम्पन्नतालाई मिश्रण गर्ने हो भने एउटा पृथक खाले सङ्गीत-शैलीको निर्माण हुनसक्छ । जसलाई सम्पूर्णरुपमा नेपाली-कला भनेर पहिचान गराउन सकिने आधार पनि छन् । तर यो कर्म व्यक्तिगत रुपमा नभइ सामुहिक अभियानका रुपमा सञ्चालन भएमात्र सम्भव देखिन्छ ।

छिमेकी भारतको साङ्गीतिक इतिहास हेर्ने हो भने यस्तोखाले प्रयोग ईशापूर्व चौथो शताब्दीभन्दा पहिल्यै भएको मानिन्छ । सम्पूर्ण भारतवर्षमै भएका सङ्गीतहरूको प्रयोगबाट बनेको त्यो सङ्गीतको उपभोग हाल हामीले पनि गरिरहेकै छौं । उसबेलाका सङ्गीतशास्त्री मतंगदेवका (उनी सङ्गीतशास्त्र र नाट्यशास्त्रका प्रणेता महर्षि भरतका अनुगामी शास्त्री मध्येका थिए ।) अनुसार- (...'समग्र भारतवर्षमा आर्य जाति लगायत शबर, पुलिन्द, बंग, मालब, आन्ध्र, शक, हूण, किरात, पल्लव, गुर्जर, काम्बोज आदि अनार्य (?) जातिहरू रहन्थे । उनीहरूको भाषा, आचरण, सँस्कृति आदि भिन्दाभिन्दै थियो । आर्य र अनार्य सङ्गीतमा रहेको मुख्य पृथक्तामा- अनार्य सङ्गीत (देशी) मा चारवटा स्वरमात्र प्रयोग हुन्थे भने आर्य सङ्गीत (मार्ग) मा औडव (पाँच स्वर), षाडव (छ स्वर) र सम्पूर्ण (सातै स्वर) हुन्थे । अर्थात् आर्य सङ्गीतमा सातै स्वरको प्रयोग गरिन्थ्यो । कालान्तरमा आर्य र अनार्यबीच सम्पर्क कायम भयो र बिस्तारै वाणिज्य र सामाजिक आदान-प्रदान पनि स्थापित हुन थाल्यो । फलस्वरुप यिनीहरूले परस्परका भाषा, सँस्कृति आदि पनि ग्रहण गर्न थाले । यो क्रमसँगै आर्य-सङ्गीतमा अनेक अनार्य रागको मिश्रण भयो र देशी-सङ्गीतलाई मार्ग-सङ्गीतको मर्यादा प्राप्त भयो । ... *विश्व संगीतका इतिहास- अमल दाश शर्मा पृष्ठ २६, २७)* उतिबेलाको त्यही आर्य-अनार्यको समागमबाट बनेको सङ्गीत संसार प्रसिद्ध पूर्वीय शास्त्रीय सङ्गीत हो जसलाई अहिलेको विश्वले भारतीय शास्त्रीय सङ्गीत (Indian classical music) भनेर चिन्दछ ।

यो सुदूर-विगतमा भएको प्रयोगले विश्व सङ्गीतलाई एउटा अद्‌भूत उपहार दियो । अहिलेको हाम्रो नेपाली जगत पनि त्यो उपहारदाताकै पङ्तीमा पर्छ भन्न पाउनु एउटा गौरवको विषय त हो । तर वर्तमानमा हामीले हाम्रा छिमेकीको जत्ति उचाइ हाशील गर्न नसकेको कुरा पनि स्पष्ट र कटु यथार्थ हो । त्यसका पछाडि अनेकौं सामाजिक र राजनैतिक कारण थिए होलान् नै । तर हामीले विगतलाई सराप्दैमा नौलो उपादेयिता केही हुनेवाला छैन । विगतदेखि नै हाम्रो सङ्गीतले स्व:पहिचान कायम गर्न नसकी नसकी कनीकुथी यहाँसम्म आइपुगेको छ । यस्तो अवस्थामा रङ्गमञ्चको नेपाली सङ्गीतले त्यत्रो उल्लेखनीय पहिचान बनाएको छ भन्ने आधार त झन् छँदैछैन । सङ्गीत आफैँले रङ्गमञ्चको प्रसस्त अनुभव बटुल्न नपाएको यथार्थ समेत हामीबाट लुकेको छैन । स्थापित आधुनिक कलाकारहरूलाई प्रस्तुत गर्नेक्रममा सञ्चालित 'पलैंटी' कार्यक्रम नै अधिकांश सङ्गीतकर्मीहरूको पहिलो रङ्गमञ्चीय एकल-प्रस्तुति हो भन्ने जानकारी पाउँदा म आफैँ पनि उदेक लाग्दो आश्चर्यमा परेको थिएँ । यस्तो अवस्थामा नाटक अथवा रङ्गमञ्चसित सङ्गीतको सहकार्यका बारेमा टिप्पणी गर्नु कत्तिको भरपर्दो विषय हो । भन्न कठीन छ ।

**रङ्गमञ्च र सङ्गीत**

विगतमा हाम्रो सङ्गीतजगत र नाट्यजगत छिमेकीको हुवहु नक्कल गर्दै हुर्किएको हो । विद्युतीय संचारको प्रवेशभन्दा पहिलेको अवस्थालाई मात्र निहार्ने हो भने पनि हाम्रो कला परम्परा नक्कलमै तल्लीन थियो भन्ने प्रसस्त आधार छन् । नेपालमा नाट्य परम्परालाई लोकोन्मुख गराउने नेवारी डबली-नाटकमा समेत हिन्दी सिनेमा सङ्गीतको प्रयोग भएका तथ्य पेश गर्न नाट्य क्षेत्रकै जिवीत व्यक्तित्वहरूलाई श्रोत व्यक्ति बनाउँदा पनि धेरै प्रमाणहरू जुटाउन सकिने अवस्था यद्यपि छ । नेपाली मौलिक सङ्गीतको प्रारम्भतिरका गायक जनार्दन समको एउटा सस्मरण लेखमा रहेको- (...'१९९२ सालतिर नेपाली भाषा प्रकाशिनी समितिका अध्यक्ष बालकृष्ण शमशेरले राणा प्रधान-मन्त्री (श्री ३ महाराज) लाई अनेक जुक्तिले बिन्ति भाउ गरेर वर्षको एकपल्ट प्रदर्शन (गाई जात्राको अवसरमा-लेखक) गराइने ती सातदिने नाच-गीतका भाषा नेपालीमा नै हुनुपर्छ उर्दू मिश्रित हिन्दीमा होइन भन्ने नियम बनाई लागु गराउन सफल भए । तर गीतका धूनहरू भने उर्दू हिन्दी फिल्म र गजलकै सर्वाङ्ग अनुकरण हुन्थे र नाटकका प्लट विषयवस्तु पनि सबै विदेशी खेलबाट उधारो लिएका

हुन्थे ।... *बागीना माघ, फागुन, चैत, २०३०)* भन्ने भनाइले सत्ताले देखाउने कलाप्रतिको उदासीपन, तत्कालिन दरवारीया हैकमवादमा टिकेको हाम्रो कला र ठाडो नक्कलको हाम्रो विगतलाई एकैसाथ छर्लङ्ग पार्छ ।

त्यसपछिको अवस्थामा निर्दलीय पञ्चायतका प्रवर्तक राजा महेन्द्रको इच्छामा स्थापना भएको तत्कालिन 'राजकीय प्रज्ञाप्रतिष्ठान' र सँस्थानका रुपमा सञ्चालन भएको 'राष्ट्रिय नाचघर' ले सङ्गीत र रङ्गमञ्चमा सँस्थागत क्रियाशीलता देखाउन खोजेका हुन् । तर तिनले राष्ट्रलाई नै पहिचान दिने कला सिर्जना र सिर्जनशील कला सँचालनका निम्ति नीति निर्माण गर्ने कुरामा पूर्ण उदासिनता देखाए । त्यहाँ सम्लग्न कलाकारमध्ये केहीले रङ्गमञ्च र सङ्गीतका निम्ति सिर्जनात्मक कर्म गर्ने जमर्को नगरेका होइनन् । तर त्यहाँ सम्लग्न अधिकांश कलाकारले कलाकारिता भनेको सरकारी 'जागीर' हो भन्ने उराठलाग्दो मान्यतालाई स्थापित गराउने काम बढी गरे । त्यसैले यो लेखले त्यो उराठमय क्षेत्रलाई वेवास्ता गर्नु नै उचित ठानेको छ ।

निकट विगतमा गुरुकुलले थालनी गरेको नाट्यकर्मले नाटकलाई फेरि चर्चाको विषय बनाएको छ । यो चर्चालाई सिर्जनशीलताको बलमा निरन्तरता दिन सफल भयो भने गुरुकुल नेपाली आधुनिक रङ्गमञ्चको प्रणेता नै सावित होला । यसले सङ्गीत र रङ्गमञ्चको दूरीलाई आफूले निर्माण गरेका नाटकमार्फत् घटाउने प्रयत्न त गरेको छ । तर त्यो पनि त्यत्रो उल्लेखनीय भइसकेको छैन । गुरुकुलले निर्माण गरेका केही प्रारम्भिक नाटकमा सङ्गीत संयोजन गरेको आधारमा विश्वस्त भएर भन्ने हो भने आफूले गरेको संगीतलाई पनि म सम्पूर्ण नाट्य-सङ्गीत हो भन्न रुचाउँदिन । त्यो कर्णप्रिय थियो होला । त्यसले नाटकको दृश्यलाई प्रभावशाली पनि बनायो होला । तर त्यो त पृष्ठभूमिको अनुक्रम (sequence) परिचालक मात्र थियो । यस्तो खाले शैली मेरा पूर्वज सङ्गीतकारहरूले नै अप्नाउदै आएको शैली हो । जो अहिले पनि निरन्तर छ । नाट्य-सङ्गीतले पूर्णता पाउनका निम्ति त रङ्गमञ्चमा उपस्थित हुने चरित्र-बाहक अभिनेता अभिनेत्री नै सम्पूर्ण रुपले साङ्गीतक हुनु जरुरी छ । त्यसका निम्ति नाटकमा प्रवेश चाहने कलाकर्मीले सङ्गीतलाई आत्मसात गर्ने प्रवल इच्छा र जाँगर जगाउँन सक्नु अनिवार्य हुन्छ । त्यसपछिमात्र रङ्गमञ्चीय सङ्गीतले मूर्तरुप लिनसक्छ ।

**निष्कर्ष**

नेपालमा रहेका सम्पूर्ण परम्परागत सङ्गीतले नाट्यगुण बोकेको अवस्था रहँदारहँदै पनि विगतमा हामीले प्रसस्त वेवास्ता गरेर सजिलोबाटो अप्नाएको देखिन्छ । त्यो क्रमले स्वरुप परिवर्तन गरेको होला तर हामी मौलिक कलाप्रति अझै हुनुपर्ने जति जागरुक भइसकेका छैनौं । त्यसैले नेपालमा रहेका विविधताको मिश्रण गर्दै रङ्गमञ्चीय सङ्गीत-कलाको नौलो स्वरुपको निर्माण गर्नु वर्तमानको चुनौतिपूर्ण हाँक हो । यो हाँकलाई उदार र मानवीय आधारमा उभिएर पुरा गर्नतिर अग्रसर भएमात्र नेपाली रङ्गमञ्चीय सङ्गीत-कलाको स्वःपहिचान कायम हुनसक्छ र त्यसले हाम्रो अन्तर-एकतालाई पनि बलियो बनाउन सक्छ ।

<u>श्रोत सामग्री</u>


१. विश्व संगीतका इतिहास- हिन्दी- लेखक- अमल दाश शर्मा
२. Wikipedia, the free encyclopedia, र थप केही वेभ-साइटहरू
३. बागीना- संपादक- नारायण गोपाल